# माडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घर्तिगाउँ, रोल्पा
## प्रदेश नं. ५ नेपाल


## सुचना !

मिति : २०७७/०२/२२

चालु आ.व.२०७६/०७७ मा यस माडी गाउँपालिका, घर्तिगाउँ, रोल्पाको स्वीकृत कार्यक्रम अनुसार कोभिड विशेष कृषि कार्यक्रम सञ्चाल गर्नका लागी मिति२०७७/०३/०५ गते भित्र यस कार्यालयमा तपसिलको विवरण पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल विवरण :

क) कृषि कार्यक्रम ख) कार्यक्रम सञ्चालन हुने स्थान माडी गाउँपालिकाको १ देखी ६ वडा सम्म

ग) कोभिड विशेष कृषि कार्यक्रमको लागी मापदण्ड :

| सि.न | विवरण | क्षेत्रफल वा संख्या | अनुदान रकम रु |
|---|---|---|---|
| १ | कोभिड लक्षित व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | कृषकहरुले औषतमा ४ रोपनी ( २ देखी ६ रोपनी ) जग्गामा व्यावसायिक तरकारी खेती गर्ने कृषकहरुका लागी मल बीउ लगायत उत्पादन सामग्री खरिदमा प्रोत्साहन अनुदान दिने । | प्रति रोपनी रु ५०००/- |
| २ | विदेशबाट फर्केका र व्यवसाय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम | प्रति कृषक न्युनतम ३ देखि ५ कट्ठामा व्यावसायिक कृषि बालीहरु तरकारी खेती, फलफूल खेती, मौरीपालन, च्याउ खेतीको लागी बीउ मल, विषादी तथा स-साना औजार उपकरण र अन्य उत्पादन सामग्री खरिद गर्नका साथै प्लाष्टिक घर, मौरी गोला, च्याउ घर र गोला खरिद र खोर निर्माण प्रयोग गर्न । | प्रति कृषक रु २००००/- |
| ३ | बालीको उत्पादन र उत्पादकत्व वृद्धिका लागि बिउ उत्पादक समूह वा सहकारीलाई प्रोत्साहन कार्यक्रम | बीउ, मल, कृषि औजार तथा अन्य उत्पादन सामग्री खरिदमा प्रोत्साहन अनुदान दिने । | प्रति रोपनी रु २०००/- |

ङ) पेश गर्नुपर्ने कागजातहरु :

१. निवेदन फारम
२. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्र वा विदेशबाट फर्केको भए प्रमाणपत्रको फोटोकपी
३. अनुसूची-४ अनुसारको प्रस्ताव ढाँचा
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

(राजकुमार यादव)
कृषि संयोजक

(सबिन सिंह चौधरी)
प्रमुख प्रशासकीय अधिकृत